राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२६ | २०८३ साउन २३ गते शनिवार | (Saturday, 8 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# बर्दिबास मेडिकल कलेजमाथि सरकारको 'कैंची'

## आयोजना खारेजीको 'गन्ध'ले बर्दिबासमा हलचल

राजकरण महतो

*बर्दिबास, साउन २२ गते ।*

महोत्तरीको बर्दिबासमा मेडिकल कलेज निर्माणको सपना फेरि अनिश्चित बनेको छ । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेल प्रस्तावित मेडिकल कलेज क्षेत्रको निरीक्षण गरेर काठमाडौं फर्किए लगत्तै मन्त्रालयले बर्दिबास मेडिकल कलेज पूर्वाधार विकास निर्माण आयोजनालाई खारेजी प्रक्रियामा लगाएको छ । यसले वर्षौंदेखिको संघर्ष, राज्यले गरिसकेको लगानी र बर्दिबासलाई मेडिकल शिक्षा तथा स्वास्थ्यको केन्द्र बनाउने योजनामाथि सरकारले नै प्रश्नचिन्ह खडा गरेको भन्दै स्थानीय तहदेखि राजनीतिक दलसम्म आक्रोशित बनेका छन् ।

शिक्षा तथा खेलकुद मन्त्रालयको कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखाले साउन १५ गते आयोजना प्रमुख एवं उपसचिव देवीप्रसाद सुवेदीलाई जिम्मेवार अधिकारी तोक्दै खारेजी प्रक्रिया अघि बढाउन पत्र पठाएको हो । पत्रमा नेपाल सरकारअन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको मूल्याङ्कन गर्न गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदनका आधारमा आयोजना खारेजी प्रक्रिया अघि बढाइएको उल्लेख छ ।

मन्त्रालयले आयोजना अन्तर्गत रहेका सम्पत्ति, दायित्व, अचल सम्पत्ति, मेशिन तथा औजार व्यवस्थापनको विस्तृत योजना तयार गरी एक महिनाभित्र प्रतिवेदन बुझाउन निर्देशन दिएको छ । यसको अर्थ अब मन्त्रालयको प्राथमिकता आयोजना विस्तार नभई आयोजना व्यवस्थापनतर्फ मोडिएको देखिएको हो ।

यो निर्णयको समयलाई लिएर बर्दिबासमा थप चर्चा सुरु भएको छ । साउन ११ गते मन्त्री पोखरेल स्वयं मेडिकल कलेजको प्रस्तावित क्षेत्र पुगेका थिए । स्थानीय जनप्रतिनिधि र सरोकारवालाले मेडिकल कलेजको निर्माण प्रक्रिया अघि बढ्ने अपेक्षा गरेका थिए । तर निरीक्षण भएको केही दिनमै आयोजना खारेजीको पत्र सार्वजनिक भएपछि स्थानीयले सरकारको प्राथमिकतामाथि प्रश्न उठाउन थालेका छन् ।


बर्दिबास मेडिकल कलेजको अवधारणा सामान्य योजना होइन । मधेशका लाखौं नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा र चिकित्सा शिक्षा उपलब्ध गराउने उद्देश्यले यसको प्रक्रिया सुरु गरिएको थियो । आयोजना कार्यालय स्थापना भयो । कर्मचारी खटाइए । संरचना बनाइयो । तर पूर्वाधार निर्माणले गति लिन नपाउँदै आयोजना कार्यालय नै खारेज गर्ने प्रक्रिया सुरु भएपछि वर्षौंदेखिको सरकारी प्रतिबद्धतामाथि नै प्रश्न उठेको छ ।

शुक्रबार बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले सर्वदलीय बैठक बसेर शिक्षा मन्त्रालयमा डेलिगेसन जान निर्णय गरेको छ । कार्यालय पहिलेकै अवस्थामा राख्नु पर्ने, क्लेजको पुर्वाधार निर्माणका लागि बजेट दिनुपर्ने माग गरेका छन् ।

बैठकमा नेकपाका नेता प्रकाशहरी पोखरेलले सरकारले नीति तथा कार्यक्रममै मेडिकल कलेजलाई हटाएर यसप्रतिको प्रतिबद्धता कमजोर बनाएको आरोप लगाए । उनले कलेज स्थापना गराउन अब आन्दोलनको विकल्प नरहेको

- बाँकी पृष्ठ ४ मा



नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

पत्र संख्या: ३.१.१७./०८३/०८४

चलानी नं.:- २८

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०८३/०४/१५
ने.सं. ११४६ दिल्लागा द्वितीया

श्री उपसचिव देवी प्रसाद सुवेदी,
आयोजना प्रमुख,
बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास निर्माण आयोजना,बर्दिवास, महोत्तरी।

विषय: जिम्मेवार अधिकारी तोकिएको सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार अन्तर्गत रहेका अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सृजना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाहरूको समग्र मूल्याङ्कन गरी खारेजी, एकीकरण, पुनर्संरचना तथा प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्नको लागी स्पष्ट सिफारिस सहितको प्रतिवेदन पेश गर्न गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन बमोजिम बर्दिवास मेडिकल कलेज पूर्वाधार विकास निर्माण आयोजना,बर्दिवास, महोत्तरी खारेजीको सन्दर्भमा उक्त आयोजनाको सम्पत्ति र दायित्वको विवरण तथा अचल सम्पत्ति र मेशिन औजार व्यवस्थापनको योजना बनाई १ (एक) महिनाभित्र प्रतिवेदन पेश गर्ने गरी तपाईलाई जिम्मेवार अधिकारी तोकिएको बेहोरा मन्त्रालयको मिति २०८३/०४/१५ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

(जय प्रकाश बस्नेत)
शाखा अधिकृत

# ढल्केवरको ट्रमा सेन्टर खोज्दै संसदमा चन्द्रमोहनको गर्जन

## ट्रमाबारे जवाफ दिन सरकारलाई सभामुखको निर्देशन

विजय कुमार सिंह । ढल्केवर

सडकमा चर्किएको ढल्केवर ट्रमा सेन्टरको आवाज शुक्रबार संघीय संसद्मा पनि गुन्जियो । सरकारको नीतिगत जालझेलमाथि प्रतिनिधिसभा सदस्य चन्द्रमोहन यादवले सिधै प्रहार गरे । बजेट छुट्याएर, जग्गा अधिग्रहण गरेर अघि बढाइएको ट्रमा सेन्टर अहिले सरकारी अभिव्यक्तिबाटै किन गायब पारियो भन्दै उनले सरकारलाई कठघरामा उभ्याए ।

उनको प्रश्नले सदन तताएपछि सभामुखले पनि सरकारलाई ढल्केवर ट्रमा सेन्टरबारे स्पष्ट जवाफ दिन निर्देशन दिए ।

ढल्केवरमा प्रस्तावित डेडिकेटेड ट्रमा सेन्टर केही दिनयता मधेशकै चर्चित राजनीतिक मुद्दा बनेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताको संसदीय अभिव्यक्तिमा ढल्केवरको नाम उल्लेख नभएपछि सुरु भएको विवाद अहिले सडक आन्दोलनबाट संसद्सम्म पुगेको छ । यही विषयलाई लिएर सांसद यादवले प्रतिनिधिसभाको बैठकमा सरकारसँग सीधा प्रश्न गरे– 'ढल्केवरको ट्रमा सेन्टर कहाँ हरायो ?'



२०७७ सालदेखि विभिन्न सरकारले ढल्केवरमा राष्ट्रियस्तरको डेडिकेटेड ट्रमा सेन्टर स्थापना गर्ने प्रक्रिया अघि बढाएको उनले स्मरण गराए । त्यसका लागि एक चरणमा २० करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो । त्यसपछि अर्को वर्ष दुई करोड रुपैयाँ पनि छुट्याइएको थियो । ट्रमा सेन्टर निर्माणका लागि चार बिघा जग्गा प्रक्रियागत रूपमा अधिग्रहण भइसकेको उनले बताए ।

यादवले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा मधेश प्रदेशमा एउटा ट्रमा सेन्टर निर्माण गर्ने प्रतिबद्धता दोहोरिएको भए पनि केही दिनअघि स्वास्थ्यमन्त्रीले संसद्मा ढल्केवरको नाम नै नलिई अर्को स्थानको चर्चा गरेकोप्रति आपत्ति जनाए ।

'अरू कुनै ठाउँमा ट्रमा सेन्टर बन्छ भने हाम्रो कुनै विरोध छैन,' उनले भने, 'तर ढल्केवरका लागि प्रस्तावित डेडिकेटेड ट्रमा सेन्टर कहाँ हरायो ? सरकारले यसको जवाफ दिनुपर्छ ।'

ट्रमा सेन्टर कहाँ बन्नुपर्छ भन्ने विषय भावनाको होइन, वैज्ञानिक मूल्यांकनको विषय भएको यादवको तर्क थियो । दुर्घटनाका सबैभन्दा बढी जोखिम भएका क्षेत्रलाई आधार बनाउनुपर्ने भन्दै उनले ढल्केवर पूर्व-पश्चिम राजमार्ग, जनकपुर-काठमाडौं सडक तथा बीपी राजमार्ग जोडिने रणनीतिक केन्द्र भएकाले ट्रमा सेन्टरका लागि सबैभन्दा

- बाँकी पृष्ठ ४ मा

# 'बर्दिबासलाई सुशासनयुक्त र प्रविधिमैत्री बनाउँछौं'



द पब्लिक टुडे समाचारदाता

*बर्दिबास, साउन २२ गते ।*

महोत्तरीको बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लादकुमार क्षेत्रीले नगरपालिकालाई विधि, सुशासन र प्रविधिको क्षेत्रमा नमुना बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । बर्दिबास नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रममा बोल्दै नगरप्रमुख क्षेत्रीले नगरपालिकाका नीति, कार्यक्रम तथा कार्यपालिकाका निर्णयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै जनप्रतिनिधि र कर्मचारीलाई आग्रह गरे ।

नगरप्रमुख क्षेत्रीले वार्षिक प्रगति समीक्षा कार्यक्रम केवल विगतका कामको समीक्षा गर्ने मात्र नभई आगामी दिनमा जिम्मेवारीपूर्वक काम गर्न कर्मचारी तथा शाखा प्रमुखलाई आत्मबोध गराउने महत्वपूर्ण अवसर भएको बताए ।

उनले एउटै शाखाले मात्र काम गरेर नगरपालिका अघि बढ्न नसक्ने भन्दै सबै शाखाबीच समन्वय आवश्यक रहेको उल्लेख गरे । नगरपालिकाले सुशासन कायम गर्न प्रविधिको अधिकतम प्रयोग गरिरहेको बताउँदै क्षेत्रीले बर्दिबास नगरपालिका क्रमशः डिजिटल बन्दै गएको जानकारी दिए । नगरपालिकाका विभिन्न शाखा तथा कार्यालयको गतिविधि अनुगमन, कर्मचारीको उपस्थिति तथा सेवा प्रवाहलाई प्रविधिमार्फत व्यवस्थित गरिएको उनको भनाइ छ ।

उनका अनुसार विगतमा कागजी रजिस्टरमा हाजिरी गर्ने प्रणालीका

- बाँकी पृष्ठ ४ मा

## कविता



### मेरो देश

***

शान्वी कर्ण
एभरेष्ट पब्लिक स्कूल
बर्दिवास, महोत्तरी

भारत र चीनको बिचमा पर्छ मेरो देश
अनेकतामा एकता छ आफ्नै परिवेश।

भूगोल मात्र सानो यहाँ सुन्दर छ ठाउँ
धरतीको स्वर्ग हो यो नेपाल हो नाउँ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण देश
गोर्खालीको वीरताले बनेको यो देश।

सगरमाथा शिखरमा पहिले नेपाली चढे
बैरीसँग युद्ध गरी देशको रक्षा गरे।

प्रशस्तै छ नेपालीलाई नेपालको माया
अंग्रेजलाई पार्न दिएनन् नेपालमाथि छायाँ।

## गीत



नवल किशोर महतो
बर्दिवास, महोत्तरी

जामुन तोर गेलियाई गे बनी माई
बाबा के फुलबारी हम गे
कि बाबा के फुलबारी गे
पकरिय जे लेलकै ना
हमरा रैह रैह उठाई दरदिया
हे गेई पकरिय जे लेलकै ना
गे काली माई भूत रहाइ बहरिया
हे गेई पकरिय जे लेलकै ना ....

कुन बेटखौकी डेनीया गे माता
भूत छलै बैसौने गे माई
जे पकरिय जे लेलकै ना
गे काली माई भूत रहाइ बहरिया
हे गेई पकरिय जे लेलकै ना ....

एलई जे धामी भैया लगलई भूत भार
गे माई लगलई भूत भार गे हे
भूत देलकै धामी पछाइर
हे गई पकरिय जे लेलकै ना
गे काली माई भूत रहाइ बहरिया
हे गेई पकरिय जे लेलकै ना ....

काली माई एलियौ तोहर चरणिया
हे गई पकरिय जे लेलकै ना
गे काली माई भूत रहाइ बहरिया
हे गेई पकरिय जे लेलकै ना ....

# जनता साहित्यिक मञ्चको ३१औं साहित्यिक शृंखला सम्पन्न

**नारायण घिमिरे**

*बर्दिबास, साउन २२ गते ।*

महोत्तरीको बर्दिबासस्थित जनता साहित्यिक मञ्च गौरीडाँडाको ३१औं नियमित साहित्यिक शृङ्खला सम्पन्न भएको छ ।

शुक्रबार मञ्चकी अध्यक्ष ईशा काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव श्रेया कर्णले गरेकी थिइन् भने उपाध्यक्ष शुभेच्छा घिमिरेले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

कार्यक्रममा अतिथि शिक्षक दिपेन्द्र न्यौपाने र रामचन्द्र पौडेलले विद्यार्थीलाई साहित्य सिर्जनामा सक्रिय हुन प्रेरित गर्दै यस्ता मञ्चले नयाँ प्रतिभा उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

कार्यक्रममा रेनुका घिसिङ, सिम्रन कर्ण, राहुल यादव, निक्की महतो, अशोक यादव, रोहन ढकाल, होमबहादुर कार्की, उपलक्ष दाहाल, रामनाथ महतो, सृष्टि वराललगायतले कविता र मुक्तक वाचन गरेका थिए ।

विभिन्न संकायका विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा सभाध्यक्ष ईशा काफ्लेले धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गरेकी थिइन् ।

## कविता



### बेटी छि आँहा

***

रामनाथ महतो
सहसचिव, जनता साहित्यिक मञ्च गौरिडाँडा
माथिल्लो सदन बर्दिवास, महोत्तरी

बेटी छि आँहा
बापक नाक,पगरी अहिके हातमा
केला जोगेलै बापक सम्मान आफ अहिकै हातमे
बदैल रहुल समाजमे कोना रहल है अहिके हातमे।

अह से बापक नाक छै अहमे बापक पगरी
अह से बापक मान छै अहसे बापक गुमान
डेग)डेग समाहइरक चलन ऐ कलयुग मे,
के को य नै आश लग्यान पापी नर ऐ कलियुगमे।

अहे ब सबके आस छै अहेब सनके विश्वास
काम कै कहियो सहन करना जे विश्वास
पूरा संसार अधुरा यहाँ बिना टुटे
सबइक घरके लक्ष्मी बेटी हि याहाँ।

## कविता



### दहेज प्रथा छोड्नु

***

ललित यादव
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

दहेज लेल जे हाथ बढह्याबै,
मानवता कें शर्म कराबै।

बेटी त' घरक फूल समान,
किएक बनाबै ओकर अपमान?

गरीब बापक टूटै आस,
कर्जमे बीतै जीवन साँस।

बेटीक हँसी आँसू बनै,
लोभी मनुख खुशियाँ गनै।

नहि चाही सोना-चाँदी,
नहि चाही धन-दौलत भारी।

सच्चा प्रेम जँ दिलमे होइ,
दहेज बिना विवाह सेहो होइ।

आब समय बदलाबक आयल,
नव सोच समाजमे छायल।

मिलि क' सब प्रण ई करू,
दहेज प्रथा सदा लेल छोड़ू।

## कविता



### खुद्रा पिरती

***

एमवी खड्का

तिमिले दिए जति जिन्दगी
अक्षयकोषमा राखेको छु
त्यसैको बार्सिक ब्याज झिकेर
कहिलेकाँही कविता लेख्ने गर्छु
कहिलेकाही सपना देख्ने गर्छु

म जन्मेको साईत पारेर
पठाईदेउ न खुद्रा पिरती अलिकति
बचत खातामा राख्छु-
खर्च गर्दिन कसम गर्दिन
खर्च गर्न त हामी दुवैको
संयुक्त हस्ताक्षर हुनुपर्छ
कि म तिमी सीत-
कि तिमी म सीत हुनुपर्छ ।

## कविता



### चारु

***

सीता शर्मा पन्थी
वीरगञ्ज, पर्सा

तिम्रो मौनताको के नै नाम होला
सुन्दर सहर कुन ठाम होला

मन वेचैन छ भेटी कुरा गर्न
आउने बाटो बाढीले जाम होला

आँधीबेरी चलेको छ मनभित्र
नगर प्रिय धेरै तामझाम होला

वर्षाको मौसम झरी र वादल
उता के छ? यता चर्को घाम होला

मनको कुरा नि धेरै साटिसक्यौं
ल भयो अब बिहानी काम होला ।

## कविता



### तिमी र म

***

कृष्णप्रसाद पौडेल
उपाध्यक्ष, जनता साहित्यिक मञ्च गौरिडाँडा
माथिल्लो सदन बर्दिवास, महोत्तरी

तिमी र म एउटै नदीको दुई किनारा
शब्द फरक लेखिन्छ डायरीका पानामा
तिमी जून बने म जुनकिरी बनी दिउँला
तिम्रो बोली अमृत समान सुनी दिउँला ।

तातो चियाको सुरकी जस्तै लाग्छ तिम्रो साथ
आँधी बेहेरी आए पनि समाउनु है मेरो हात
यो धर्तीमा बदलिन्छन् ऋतुका रङहरु
तर रोकी दैनन् अगाडि बढेका हाम्रा पाइलाहरू।

पूरा गरौला हाम्रा सपनाका रहरहरु
परिणाम मुखी बनाउँला जीवनका रहरहरु
जहाँ तिमी छौ त्यही मेरो संसार मुस्कुराउँछ
तिम्रो र मेरो मिलनले जीवनको अर्थ पाउँछ।

## कविता



### जीवन हार्छ व्यर्थ

***

गणेश अधिकारी

जाती अनेक अनि धर्म विभिन्न हुन्छन्,
ती फूल भिन्न थर जात मिलेर फुल्छन्,
नेपाल बाग छ अत्यन्त सुरम्य शान्त,
विद्रोह वीज नउमार नहोस् अशान्त ।१

सौहार्दता बनिरहोस् नबढोस् गुमान,
नेपाल राष्ट्र बुझ हो सभिया बगान,
हामी स्वतन्त्र पनि छौं निज धर्म रीत,
मान्छौं विशुद्ध तरिकासँग त्यो सशक्त ।२

मर्ने र मार्न पनि तत्परता जनाई,
त्यो मानवीय अभिमान ठुलो बनाइ,
हे भाइ बन्धु नगरे अब त्यो अनर्थ,
अस्तित्व डुब्छ अनि जीवन हार्छ व्यर्थ ।३

जातीय कल्मस अझै नबढोस् धरामा,
फैलिन्छ रोग सरि त्यो सबको घरैमा,
सम्झौं बुझौं अनि बनौं सब सौम्य धीर,
आपस्तमा फुट हुँदा अति हुन्छ पीर ।४

# लोकसेवा परीक्षाको तयारी सामग्री

धिरेन्द्र कुमार महतो
प्रस्तुतकर्ता



**१. 'मिस नेपाल २०२६' को मुख्य उपाधि (मिस नेपाल वर्ल्ड-२०२६) कसले जितेकी छिन् ?**

A) आर्या निशान्त
B) कशिस सुब्बा
C) दीपमाला ढकाल
D) रूबी राणा

उत्तर : (C) दीपमाला ढकाल




**मिस नेपाल २०२६**

- मिस नेपाल वर्ल्ड२०२६: दीपमाला ढकाल (मिस नेपाल हङ्कङ इन्टरनेशनल, २०२६ पनि हुन्)
- मिस नेपाल इन्टरनेशनल, २०२६: आर्या निशान्त
- मिस नेपाल कस्मो, २०२६: कशिस सुब्बा
- आयोजक संस्था: द हिडन ट्रिजर (त्जभ ज्ष्ममभल त्चभबकगचभ)
- आयोजना स्थल: द प्लाजा, पुल्चोक, ललितपुर
- आयोजना मिति: वि.सं.२०८३ साउन १६ गते ( २०२६अगस्ट १)
- सहभागिता: जम्मा २३ जना
- पहिलो मिस नेपाल: रूबी राणा (सन् १९९४ / वि.सं. २०५१)
- प्रतियोगिताको सुरुवात: वि.सं. २०५१ (सन् १९९४) देखि (नोट: सन् २००१ र सन् २००६ मा भने यो प्रतियोगिता भएको थिएन)

**पछिल्ला ५ मिस नेपाल वर्ल्ड विजेताहरू :**

| वर्ष | विजेता |
|---|---|
| सन् २०२६ | दीपमाला ढकाल |
| सन् २०२५ | लुना लुइटेल |
| सन् २०२४ | आश्मा कुमारी केसी |
| सन् २०२३ | श्रीच्छाप्रधान |
| सन् २०२२ | प्रियंका रानी जोशी |

**२. नेपालमा औपचारिक रूपमा 'राष्ट्रिय कोदो दिवस' कहिलेदेखि मनाउन सुरु गरिएको हो ?**

A) साउन १५ गते
B)साउन १६ गते
C) असार २३ गते
D) साउन १३ गते

उत्तर : (B) साउन १६ गते

**- निर्णय:** वि.सं. २०८२ असार २३ गतेको मन्त्रिपरिषद् बैठकले हरेक वर्षको साउन १६ गतेलाई कोदो दिवस मनाउने निर्णय गरेको हो (यसअघि साउन १५ मा स्वस्फूर्त मनाइन्थ्यो) ।

**३. विश्वप्रसिद्ध पर्वतारोही निर्मल पुर्जा (निम्स दाइ) सहित १० जना आरोहीको पाकिस्तानस्थित ब्रोड पिक आरोहणका क्रममा हिमपहिरोमा परी कहिले निधन भयो ?**

A) वि.सं. २०८३ असार २४
B) वि.सं. २०८३ साउन १४ (सन् २०२६ जुलाई ३०)
C) वि.सं. २०८३ साउन ६
D) वि.सं. २०८३ साउन ११

उत्तर : (B) वि.सं. २०८३ साउन १४ (सन् २०२६ जुलाई ३०)

**विश्व कीर्तिमानी पर्वतारोही "निर्मल पुर्जा (निम्सदाइ)" को निधन**

- **निधन कहिले भयो ? :** वि.सं. २०८३ श्रावण १४ (सन् २०२६ जुलाई ३०)
- **कसको निधन भयो ? :** निर्मल पुर्जा
- **उपनाम :** निम्स दाइ
- **निधन कहाँ भयो ? :** पाकिस्तानस्थित विश्वको १२ औं अग्लो हिमाल ब्रोड पिक (८,०५१ मि.) मा आएको भीषण हिमपहिरोमा परी
- **कति वर्षकोउमेरमा निधन भयो ? :** ४३ वर्ष

**प्रमुख कीर्तिमान तथा उपलब्धिहरू :**

- **१४ हिमाल आरोहण :** ६ महिना ६ दिनमै विश्वका ८,००० मिटरभन्दा अग्ला १४ वटै हिमालहरूको सफल आरोहण
- **के-टू हिमाल :** के-टू हिमालको पहिलो शीतकालीन (ध्ष्लतभच) सफल आरोहणमा सहभागी भई ऐतिहासिक सफलता।
- सगरमाथा, ल्होत्से र मकालु जस्ता हिमालहरू छोटो अवधिमा आरोहण गरी विश्व रेकर्ड कायम

**साहित्य तथा सञ्चार माध्यम :**

- **पुस्तक :** Beyond Possible
- **डकुमेन्ट्री :** Netflix मा प्रदर्शित 14 Peaks: Nothing Is Impossible

**४.विश्व हेपाटाइटिस दिवस २०२६ को अन्तर्राष्ट्रिय नारा (त्जझभ) के रहेको छ ?**

A) HepatitisM LetÚs Break It Down
B) One Life, One Liver
C) Bringing hepatitis care closer to you
D) Invest in eliminating hepatitis

उत्तर : (A) HepatitisM Let's Break It Down

**- दिवस तिथि : विश्व हेपाटाइटिस दिवस हरेक वर्ष जुलाई २८ मा मनाइन्छ ।**

**५. विश्व स्तनपान सप्ताह २०२६ कति गतेदेखि कति गतेसम्म मनाइयो ?**

A) साउन १० देखि १६ गते
B) साउन १६ देखि २२ गते (अगस्ट १-७)
C) साउन २० देखि २६ गते
D) साउन २४ देखि भदौ १ गते

उत्तर : (B) साउन १६ देखि २२ गते (अगस्ट १-७)



**- मिति : सन् २०२६ को अगस्ट १ देखि ७ (वि.सं. २०८३ साउन १६ देखि २२ गते) सम्म मनाइएको हो।**

**- सुरुवात : विश्व स्तनपान सप्ताह मनाउने प्रचलन सन् १९९२ देखि सुरु भएको हो ।**

**६. OPEC बाट औपचारिक रूपमा बाहिरिने पछिल्लो देश कुन हो ?**

A) कतार
B) अंगोला
C) युएई (UAE)
D) इक्वेडर

उत्तर : C) युएई (UAE)

**ओपेक बाट बाहिरिने पछिल्लो मुलुक:**

- **देश कुन हो ? :** युएई (UAE)
- **युएई औपचारिक रुपमा बाहिरिएको :** सन् २०२६ मे १ बाट
- यस अघि सन् २०२४ जनवरी १ बाट अंगोला, सन् २०२० मा इक्वेडर र सन् २०१९ जनवरी १ मा कतार यस संगठनबाट बाहिरिसकेका छन् ।
- **ओपेक (OPEC) के हो ? :** Organization of the Petroleum Exporting Countries पेट्रोलियम पदार्थ निर्यात गर्ने देशहरुको एक अन्तरसरकारी संगठन हो ।




- **यस संगठनको स्थापना :** सन् १९६० सेप्टेम्बर १०-१४ सम्म इराकको बगदादमा भएको एक सम्मेलनमा इरान, इराक, कुवेत, साउदी अरेबिया र भेनेजुयला संस्थापक सदस्य रहने गरी स्थापना भएको ।
- **यसको मुख्यालय :** सुरुको पाँच वर्ष स्विजरल्याण्डको जेनेभामा रहेको थियो भने सन् १९६५ सेप्टेम्बर १ बाट अष्ट्रियाको भियनामा सारिएको ।

OPEC मा अब ११ वटा मुलुक सदस्य रहने छन् भने OPEC+ मा १० वटा मुलुक रहेका छन् ।

| ११ OPEC मुलुकहरु | १० OPEC+ मुलुकहरु |
|---|---|
| १. साउदी अरेविया | १. रसिया |
| २. इराक | २. मेक्सिको |
| ३. इरान | ३. कजाकिस्तान |
| ४. कुवेत | ४. ओमान |
| ५. नाइजेरिया | ५. अजरवैजान |
| ६. लिबिया | ६. मलेसिया |
| ७. भेनेजुयला | ७. बहराइन |
| ८. अल्जेरिया | ८. ब्रुनाई |
| ९. कंगो | ९. सुडान |
| १०. गावोन | १०. साउथ सुडान |
| ११. इक्वेटोरियल गुयना | |

**७. Environmental Performance Index (EPI) २०२६ मा नेपालको स्थान कति रहेको छ ?**

A) ९४औं
B) १२८औं
C) १३५औं
D) १७६औं

उत्तर : (B) १२८औं

**पर्यावरण प्रदर्शन सुचकांक २०२६** Environmental Performance Index (EPI)

**- सन् २०२६ मा नेपालको स्थान :** १२८ औं
**- नेपालले सन् २०२६ मा प्राप्त गरेको अंक :** ३३.९९

| प्रथम पाँच मुलुकहरु | अन्तिम पाँच मुलुकहरु: | सार्क राष्ट्रहरुको स्थान |
|---|---|---|
| १. इस्टोनिया | १७७. लाओस | ५२. भुटान |
| २. लक्जमबर्ग | १७६. भारत | ९४. श्रीलंका |
| ३. इङ्ल्याण्ड | १७५. बंगलादेश | १२८. नेपाल |
| ४. फिनल्याण्ड | १७४. माली | १३५. अफगानिस्तान |
| ५. नेदरल्याण्ड | १७३. भियतनाम | १५७. पाकिस्तान |
| | | १७१. माल्दिभ्स |
| | | १७५. बंगलादेश |
| | | १७६. भारत |

**- सन् २०२६ को EPI ले वातावरणीय जनस्वास्थ्य, पारिस्थितिकीय प्रणालीको जीवन्तता र जलवायु परिवर्तनका चुनौतीहरुलाई प्रतिनिधित्व गर्ने १२ मुद्दाका ४७ वातावरणीय सुचकका आधारमा १७७ देशको मूल्यांकन तथा श्रेणीकरण गरेको ।**

**८. राष्ट्रिय यातायात नीति, २०८३ कहिले स्वीकृत भएको हो ?**

A) वि.सं. २०८३ साउन १४
B) वि.सं. २०८३ असार २४
C) वि.सं. २०८३ साउन ६
D) वि.सं. २०८२ असार २३

उत्तर : (B) वि.सं. २०८३ असार २४




पत्रिका मागेर होइन किनेर पढ्ने बानी बसालौं

# गोलबजारका मृतकका परिवारलाई मधेश सरकारले घर बनाइदिने

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २२ गते ।*

सुनसरी घटनालाई लिएर सिरहाको गोलबजारमा भएको प्रदर्शनको क्रममा गत साउन १४ गते प्रहरीको गोली लागेर गणेश यादवको परिवारलाई दुई कोठे घर मधेश प्रदेश सरकारले बनाईदिने भएको छ । 'विपन्नसँग मदन भण्डारी आवास योजना' अन्तर्गत मृतक गणेश यादवको परिवारका लागि दुई कोठे घर, किचन र शौचालय निर्माण गरिदिने भएको हो ।



मधेशका शिक्षामन्त्री मनोजकुमार सिंह र मृतकका परिवारबीच शुक्रबार साँझ यससम्बन्धी सहमति भएको हो । उनका अनुसार आफूले यसअघि नै गणेशको घरमै पुगेर परिवारलाई भेटी संवेदना तथा सान्त्वना व्यक्त गरेका थिए । सो क्रममा परिवारको आर्थिक अवस्था कमजोर रहेको पाएपछि प्रदेश सरकारको बैठकमा आवास निर्माणका विषयमा छलफल गरिएको थियो ।

छलफलपछि भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत सञ्चालित 'विपन्नसँग मदन भण्डारी आवास योजना' बाट घर निर्माण गर्ने निर्णय गरिएको मन्त्री सिंहले बताए । मृतकका बुवा रामवृक्ष यादव, भौतिक पूर्वाधार कार्यालय सिरहाका इन्जिनियर रामनारायण यादव, औरही गाउँपालिका-२ का वडाध्यक्ष रामअयोध्या यादव लगायतको उपस्थितिमा सहमति भएको हो । 'प्रदेश सरकारले गर्नुपर्ने आवश्यक प्रक्रिया पूरा गरिसकेको छ । परिवारले घर निर्माणका लागि जग्गा उपलब्ध गराउनेबित्तिकै निर्माण कार्य सुरु हुन्छ,' सहमतिपछि मन्त्री सिंहले भने ।

# सांगीतिक सामग्री हस्तान्तरण

रामबाबु यादव

*गौशाला, साउन २२ गते ।*

महोत्तरी गौशाला नगरपालिकाले सांस्कृतिक तथा धार्मिक कार्यक्रम संचालनका लागि आवश्यक सांगीतिक सामग्री उपलब्ध गराएको छ । गौशाला-२ मा रहेको निगौलमा रहेका पुरानो रामलीला झरी पार्टीलाई क्यासियो (किबोर्ड), १ थान ढोलक, साउन्ड सिस्टम (स्पिकर), माइक्रोफोन तथा अन्य आवश्यक सामग्री हस्तान्तरण गरेको हो । सामग्री हस्तान्तरण गर्दै गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोले स्थानीय कला, संस्कृति तथा धार्मिक परम्पराको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले सामग्री उपलब्ध गराइएको बताए । उनले यस्ता सांस्कृतिक समूहलाई नगरपालिकाले आगामी दिनमा पनि आवश्यक सहयोग गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा रामलीला झरी पार्टीका अध्यक्ष जयनारायण महतो, कोषाध्यक्ष जामुन महतो, सदस्य बैजु महतो उपस्थित रहेका थिए । रामलीला झरी पार्टीका पदाधिकारीहरूले नगरपालिकाप्रति धन्यवाद व्यक्त गर्दै प्राप्त सामग्रीले रामलीला तथा अन्य सांस्कृतिक कार्यक्रमहरू संचालन गर्न ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । स्थानीय स्तरमा कला, संस्कृति र धार्मिक परम्पराको संरक्षणमा नगरपालिकाको यो सहयोग महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।


## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

**मधेश प्रदेश, नेपाल**

### मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२२*

**यस गाउँपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।**

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति ।
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत ।
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा ।
५. कुरियर सेवा ।
६. प्रशासनिक विषयसंग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषयसंग सम्बन्धि सफ्टवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधिसंग सम्बन्धी विभिन्न परामर्श सेवा ।
७. फलफुल बिरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य ।
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु ।
९. खाजा, खाना, चिया, पानी आदि ।
१०. विज्ञापन प्रकाशन सम्बन्धी ।
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि ।
१२. इन्टरनेट सेवा ।
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम ।
१४. इन्धन आपूर्ति गर्ने काम ।

**प्रमुख प्रशासकीय अधिकृत**


## बर्दिबास मेडिकल कलेजमाथि सरकारको...

बताएका छन् ।

नेकपा एमालेका नेता शंकर महतोले आयोजना कार्यालय खारेज गरेर सरकारले मेडिकल कलेजलाई प्राथमिकतामा नराखेको स्पष्ट सन्देश दिएको टिप्पणी गरे । उनले यसको संरक्षण र स्थापनाका लागि बर्दिवासवासी पुन: एकपटक संगठित भएर संघर्ष गर्नुपर्ने अवस्था आएको बताएका छन् ।

एमालेकै नेता सन्त परियारले नगरपालिकाको नेतृत्वमा प्रारम्भिक चरणमै सरकारसँग वार्ता गर्न सर्वदलीय समिति गठन गर्नुपर्ने र त्यसपछि आन्दोलनलगायतका थप कार्यक्रमबारे निर्णय गर्नुपर्ने धारणा राखे ।

नेपाली कांग्रेसका नेता महेश झाले मेडिकल कलेजका लागि राज्यले ठूलो रकम खर्च गरिसकेको, प्रक्रियागत रूपमा पनि काम अगाडि बढिरहेको अवस्थामा आयोजना वा कार्यालय खारेज गर्ने निर्णय दुःखद भएको बताए ।

बर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष दिपक कार्की बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माणको अन्तिम चरणमा प्रवेश गरिसकेको अवस्थामा सबै पक्षबाट अब कलेजको भौतिक पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गर्न पहल गर्नु पर्ने बताए । उनले बर्दिवास उद्योग वाणिज्य संघलाई यहाँका सर्वदलिय सर्वपक्षिय बैठकबाट दिएको जिम्मेवारीहरु पुरा गरेको बताए ।

सोही पार्टीका नेता पोषण थापाले मेडिकल कलेज निर्माणको कानुनी आधारसमेत सुनिश्चित भइसकेको अवस्थामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिहरूले यस विषयमा प्रभावकारी पहल गर्नुपर्नेमा जोड दिए । बैठकमा सहभागी सबै राजनीतिक दलका प्रतिनिधिहरूले मेडिकल कलेज आयोजना खारेज गर्ने सरकारी निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका थिए । बैठकमा सत्तारुढ दल रास्वपाका तर्फबाट जिल्ला उपसभापति चन्द्रमोहन महतोको सहभागिता रहेको थियो ।

## ढल्केवरको ट्रमा सेन्टर खोज्दै...

उपयुक्त स्थान रहेको बताए ।

उनले धनुषा, महोत्तरी, सर्लाही र रौतहटजस्ता घना जनसंख्या भएका जिल्लाको केन्द्रबिन्दु पनि ढल्केवर नै रहेको उल्लेख गरे । यी चार जिल्लामै करिब ३० लाख जनसंख्या रहेको र मधेश प्रदेशको झण्डै आधा जनसंख्याले प्रत्यक्ष लाभ पाउने भएकाले ट्रमा सेन्टरको आवश्यकता ढल्केवरमा अझ बढी रहेको उनको भनाइ थियो ।

'सबै वैज्ञानिक मूल्यांकनपछि सरकारले ढल्केवरमै राष्ट्रियस्तरको ट्रमा सेन्टर बनाउने निर्णय गरेको थियो,' उनले भने, 'तर अहिले विकासभन्दा राजनीति हाबी भएको देखिन्छ । विकासको मुद्दालाई नै पन्छाउने काम भइरहेको छ ।'

यादवले सरकार परिवर्तनसँगै नीति परिवर्तन गर्ने प्रवृत्तिमाथि पनि प्रश्न उठाए । एउटा सरकारले बनाएको नीति अर्को सरकारले उल्ट्याउँदै जाने हो भने राज्यप्रतिको जनविश्वास कमजोर हुने र नीतिगत निरन्तरता समाप्त हुने उनको भनाइ थियो । 'सरकार फेरिँदैमा योजना फेरिनु हुँदैन,' उनले भने, 'यसले राज्यप्रतिको विश्वास मात्रै होइन, नागरिकको उत्तरदायित्व पनि कमजोर बनाउँछ।'

ढल्केवरमा ट्रमा सेन्टरको पक्षमा आन्दोलन भइरहेको उल्लेख गर्दै यादवले आन्दोलनरत नागरिकप्रति ऐक्यबद्धता जनाउन आफूले संसद्मै दिनभर मौनधारण गर्ने सदनलाई जानकारी दिए । सरकारले विकासबाट पछि हट्न खोजेको भन्दै त्यसको विरोधस्वरूप आफू मौन बस्ने उनले बताए ।

सभामुख डोलप्रसाद अर्यालले पटक-पटक आसन ग्रहण गर्न आग्रह गर्दा पनि यादव नबसेपछि उनलाई पुन: बोल्ने समय दिइएको थियो । त्यसक्रममा उनले स्वास्थ्यमन्त्री वा अर्थमन्त्रीले ढल्केवरको ट्रमा सेन्टर किन खारेज गरियो भन्ने विषयमा स्पष्ट जवाफ दिनुपर्ने माग दोहोर्याए । 'यदि सरकारले सन्तोषजनक जवाफ दिन्छ भने म आन्दोलनरत जनतालाई केही सन्देश दिन सक्छु,' उनले भने ।

यादवको अभिव्यक्तिपछि सभामुख अर्यालले पनि विषयलाई गम्भीर रूपमा लिँदै सरकारलाई सदनमै जानकारी गराउन निर्देशन दिए । 'आज माननीय चन्द्रमोहन यादवले उठाउनुभएको विषयमा सरकारको धारणा के हो ? यस विषयमा सदनलाई जानकारी गराउन म सरकारलाई निर्देशन दिन्छु,' सभामुखले भने ।

सभामुखको निर्देशनसँगै ढल्केवर ट्रमा सेन्टरको विषय अब औपचारिक रूपमा सरकारको जवाफको प्रतीक्षामा पुगेको छ । केही दिनदेखि सडकमा चर्किएको आन्दोलन अब संसद्को अभिलेखमै दर्ज भएको छ ।

## बर्दिबासलाई सुशासनयुक्त...

कारण कर्मचारीको वास्तविक उपस्थितिबारे प्रभावकारी अनुगमन हुन नसकेको भए पनि अहिले डिजिटल हाजिरी प्रणाली लागू गरिएको छ । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म कर्मचारीको उपस्थिति तथा गतिविधिलाई प्रविधिमार्फत निगरानी गर्न सकिने व्यवस्था गरिएको उनले बताए ।

नगरप्रमुख क्षेत्रीले सार्वजनिक खरिद प्रक्रियालाई समेत प्रविधिमैत्री र पारदर्शी बनाइएको बताए । नगरपालिकालाई आवश्यक कम्प्युटर, कापी, कलमलगायत सामग्री खरिदका लागि स्थानीय व्यवसायीलाई समान अवसर दिने गरी सूचना प्रविधिको प्रयोग गरिएको उनको भनाइ छ ।


## महोत्तरी जिल्ला अदालतबाट जारी भएको २१ दिने म्याद

फाँट :- प्रमाणिकरण शाखा

मुद्दा नं. ०८२-०१-०००४

**मुद्दा : मृत्युको न्यायिक घोषणा गरी पाउँ ।**

**श्री महोत्तरी जिल्ला अदालतबाट जारी भएको जिल्ला महोत्तरी साविक श्रीपुर गा.वि.स. वडा नं. ७ हाल परिवर्तित औरही न.पा. वडा नं. ४ मा बस्ने दरोगा रायको छोरा अ. वर्ष ५४ को जितेन्द्र यादव नाउँको २१ दिने म्याद ..**

**उप्रान्त निवेदक जिल्ला महोत्तरी साविक श्रीपुर गा.बि.स. वडा नं. ७ हाल परिवर्तित औरही न.पा. वडा नं. ४ मा बस्ने चन्दर देवीले मेरो पति जितेन्द्र यादव बेपत्ता भएको र निज हाल सम्म फेला नपरेकाले मृत्युको न्यायिक घोषणा गरी पाउँ भनि यस अदालतमा निवेदन दिएकोमा यस अदालतवाट मिति २०८३/०३/२६ को गतेको आदेशानुसार जितेन्द्र यादव नाउँको २१ ( एकाइस) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। जितेन्द्र यादव म जीवित भई मृत्युको न्यायिक घोषणा गर्नुपर्ने कारण भए म्याद प्रकाशित भएको मितिले २१ (एकाइस) दिन भित्र यस अदालतमा हाजिर हुन आउनु होला । अन्यथा कानून बमोजिम हने छ ।**

**ईति सम्बत् २०८३ साल श्रावण महिना २२ गते रोज ६**



## बर्दिबास उद्योग वाणिज्य संघ

बर्दिवास, महोत्तरी

### नविकरणमा विशेष छुट सम्वन्धी सूचना

**बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८३/०४/२१ गतेको कार्यसमितिको निर्णय अनुसार व्यवसायीज्यूहरुले आ.व. २०८२/०८३ भन्दा अघी जतीवटा आर्थिक वर्षको नवीकरण नगरेको भएता पनि मिति : २०८३ असोज मसान्तसम्म नविकरण गर्दा विशेष छुटको व्यवस्थाको निर्णय गरी दुई आर्थिक वर्षको मात्र नविकरण शुल्क बुझाई आफ्नो व्यवसायको नवीकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।**

भवदीय

**केदार गौतम**

महासचिव


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री